# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सने पूर्वाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शङ्करकृष्ण मल्ल धनकुटातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री पृथुनरसिंह राणालाई मिति २०४४।६।८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सने पूर्वाञ्चल क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा गृह मन्त्रालयका सचिव श्री वीरबहादुर शाही धनकुटातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री टेकबहादुर थापालाई मिति २०४४।६।८ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले काठमाडौंमा सम्पन्न तेस्रो सार्क शिखर सम्मेलनको उपलक्ष्यमा निम्न डिजाईन, नाप र तौलको सुन, चाँदी र तामाको मेडालियन टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

299